# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, मंसिर २० गते, २०८१ साल (संख्या ८

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०८१</u>



**प्रस्तावना**ः सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ को दफा २०७ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम ९ मा संशोधन**ः सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. तीन पाङग्रे सवारी सम्बन्धी व्यवस्थाः (१) स्थानीय तहले कानुन बनाई तीन पाङ्ग्रे सवारी साधनको दर्ता, नवीकरण, मार्ग इजाजतपत्र, प्रतिलिपि जारी गर्ने, पुनः दर्ता, लगत कट्टा, सरुवा सहमति प्रदान गर्ने सम्बन्धी कार्य गर्नेछ र उच्च पहाडी तथा हिमाली क्षेत्रको सन्दर्भमा समथर सडकमा मात्र सञ्चालन गर्ने गरी मार्ग इजाजतपत्र दिन सक्नेछ।

तर कानुन बनाई नसकेका स्थानीय तहको हकमा सोको यकिन गरी तीन पाङ्ग्रे सवारी साधन

रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा र टाँगा लगायतको दर्ता, नवीकरण, प्रतिलिपि जारी गर्ने, पुनः दर्ता गर्ने, लगत कट्टा, सरुवा सहमति लगायतका कार्यहरु कार्यालयले गर्न सक्नेछ।

(२) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कार्यालयले दर्ता गरेका तीन पाङ्ग्रे सवारी साधनको मार्ग इजाजतपत्र दिने स्थानीय तहको विवरण सवारी दर्ता किताबमा जनाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्य गर्न स्थानीय तहले सो कार्य गर्न लाग्ने कर, दस्तुरसम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

तर यातायात व्यवस्था कार्यालयबाट कार्य सम्पादन गर्दा लाग्ने कर, दस्तुर प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(४) यातायात व्यवस्था कार्यालयमा दर्ता भएका तीन पाङ्ग्रे सवारी स्थानीय तहमा (उच्च पहाडी र हिमाली क्षेत्रको सन्दर्भमा समथर सडकमा मात्र सञ्चालन गर्ने गरी) स्थानान्तरण गर्न सवारीधनीले अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। यसरी निवेदन परेमा सवारीधनी वा व्यवस्थापकबाट तिर्नु पर्ने बाँकी कर, दस्तुर, शुल्क, जरिवाना बापतको रकम असुल गरी कार्यालयले अनुसूची-१२ बमोजिमको ढाँचामा स्थानान्तरण पत्र दिनुपर्नेछ।





(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विगतमा यातायात व्यवस्था कार्यालयमा दर्ता भई नियमानुसार नवीकरण नगरी दर्ता खारेज भएका तीन पाङ्ग्रे सवारी ऐनको दफा ३८ बमोजिम पुनः दर्ता गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस आवश्यक पर्ने छैन।"

**आज्ञाले,**
**सुरत कुमार बम**
**प्रदेश सरकारका सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-